**अनुसूची-११**

(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको

## <u>प्रवन्धपत्र</u>

१. **<u>कम्पनीको नामः</u>** यस कम्पनीको नाम **"राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड** अंग्रेजीमा **(RASTRIYA PRASRAN GRID COMPANY LIMITED)"** हुनेछ , जसलाई यसपछि "कम्पनी" भनी सम्बोधन गरिनेछ ।

२. **<u>कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः</u>** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं महानगरपालिका *वडा नं. ११ मा रहने छ ।

३. **<u>कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृतिः</u>** यो कम्पनीले गर्ने व्यवसाय तथा कारोवार ऊर्जा मूलक हुनेछ ।

४. **<u>कम्पनीको उद्देश्यः</u>** (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) नेपालमा विद्युत शक्तिको प्रससारण लगायत भार सम्प्रेषण गर्ने कार्यका लागि आवश्यक क्षमता, स्तर तथा किसिमका प्रसारण लाइन, सवस्टेशन तथा अन्य आवश्यक संरचनाको निर्माण, विस्तार, विविधीकरण, मर्मत सम्भार लगायत त्यसको सुरक्षायुक्त सञ्चालनबाट राष्ट्रिय विद्युत प्रसारण ग्रिड प्रणालीको समयोचित व्यवस्थापन गर्नेछ ।

ख) नेपालमा विद्युत प्रसारण लाइनको समग्र व्यवस्थापनका लागि प्रसारण ग्रिडको सञ्चालन गरी विद्युतको भरपर्दो आपूर्तिका लागि दीर्घकालीन रुपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा विद्युतको आयात निर्यात गर्न आवश्यक पर्ने प्रसारण संरचनाहरुको निर्माण, विकास तथा विस्तार गरी विद्युतको सहज बजारीकरण गर्ने प्रकृतिको कारोबारका साथै प्रसारण प्रणालीमा सञ्चार सुविधाको एकिकृत विस्तार गरी यसको उपयोग र व्यापार गर्नेछ ।

ग) कम्पनीले निर्माण तथा सञ्चालन गरेको प्रसारण प्रणाली लगायत अन्य संरचनाहरुको प्रयोगकर्ताहरुसँग सम्झौता गरी उपयोग गरे बापत प्रसारण एवम् अन्य दस्तुर असूल गर्नेछ ।

घ) प्रसारण प्रणली लगायत अन्य संरचनाहरुको प्रयोग गरे बाफत लाग्ने दस्तुर नियमनकारी निकायले तोके बमोजिम हुनेछ ।

---

* दोस्रो संशोधनद्वारा संशोधित

ङ) विद्युतको राष्ट्रिय प्रक्षेपित माग समेतलाई विचार गरी विद्यमान विद्युत प्रसारण लाइन र त्यससँग सम्बद्ध अन्य संरचनाहरुको पुनरावलोकन गरी विद्युत प्रसारण प्रणालीको दीर्घकालीन विकास, निर्माण तथा सञ्चालनका लागि प्रसारण प्रणाली गुरुयोजना तयार गर्नेछ ।

च) विद्युतको सुरक्षायुक्त आपूर्तिका लागि कम्पनीले आफ्नो प्रसारण ग्रिडभित्र विद्युत प्रसारण प्रणालीको सञ्चालन सुनिश्चित गर्ने आवश्यक अध्ययन गरी उपयुक्त प्रसारण लाइन, सवस्टेशन, भार सम्प्रेषण केन्द्र लगायत आवश्यक संरचनाको निर्माण, विस्तार, विविधीकरण, आधुनिकीकरण, मर्मत सम्भार लगायत क्षमता अभिवृद्धि समेत गर्नेछ ।

छ) विद्युत सेवाको सहज पहुँचको अवस्था सिर्जना गर्न जलविद्युत उत्पादनको सम्भावित क्षेत्रको अवस्थिति एवम् भार केन्द्र (लोड सेन्टर) लाई विचार गरी प्राथमिकता आधारमा विद्युत प्रसारण प्रणलीको निर्माण, विस्तार तथा सञ्चालन गर्नेछ । यसरी प्रसारण संजाल विस्तार गर्ने क्रममा राष्ट्रिय प्रसारणप्रणालीको निर्माण र पूर्व-पश्चिम तथा उत्तर-दक्षिण प्रसारण लाइनको निर्माण नदी प्रणालीमा आधारित रहि गर्नेछ ।

ज) आवश्यकअनुसार राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युतको आयात निर्यातलाई सहज बजारीकरण गर्ने प्रयोजनका लागि समयानुकूल प्रसारण प्रणालीको विकास, निर्माण तथा विस्तार गर्नेछ ।

झ) विद्युत प्रणालीको सन्तुलित सञ्चालनका लागि प्रसारण प्रणाली तथा सम्बद्ध संरचनाहरुको सुपरिवेक्षण, नियन्त्रण तथा नियमित अनुगमन गर्नेछ ।

ञ) प्रसारण प्रणालीमा ट्रंक सञ्चार लाइनको विस्तार तथा व्यवसायिक विकासमा सहभागी भई सञ्चार सुविधाको विस्तार गर्नेछ ।

ट) कम्पनीभित्र जनशक्तिको विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विद्युत प्रसारण क्षेत्रमा विज्ञता कायम गरी परामर्शदातृ सेवा उपलब्ध गराउने कार्य गर्नेछ ।

ठ) कम्पनीले विद्युतको सरल र सहज प्रवाहबाट लागि आफ्नो प्रसारण प्रणाली विकास गरी उपयोगकर्तालाई निष्पक्ष तथा खुला पहुँच उपलब्ध गराउने कार्य गर्नेछ ।

ड) कम्पनीले आफ्नो प्रसारण ग्रिड प्रणालीबाट भएको विद्युत प्रसारणको लेखा राख्नेछ र त्यस्तो प्रणालीको रेखदेख सुरिवेक्षण, अनुगमन तथा नियन्त्रण गरी वास्तविक समय सञ्चालन (रियल टाइम अपरेशन) को जिम्मेवारी वहन गर्नेछ ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र आफ्नो कारोबार प्रारम्भ गर्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कम्पनी रजिष्ट्रारको कार्यालय (यसपछि कार्यालय भनिएको) मा पेश गर्नुपर्नेछ ।

५. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः** यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछः-

क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन लगायत आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनका सेवाका शर्तहरु निर्धारण गर्ने ।

ग) कम्पनीको नाममा बैंकमा खाता खोल्ने सञ्चालन गर्ने ।

घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी ऋण लिने ।

ङ) कम्पनीको पूर्वाधार लगायतको सुरक्षाको लागि आवश्यकताअनुसार बीमा गर्ने ।

च) कम्पनीले आफूलाई आवश्यक पर्ने वित्तीय श्रोत जुटाउने क्रममा प्रचलित कानूनको अधिनमा रहि कम्पनीको नामबाट बण्ड, डिवेञ्चर तथा ऋणपत्र जारी गर्ने । कम्पनीको नामबाट शेयर, डिवेञ्चर, बण्ड तथा ऋणपत्र खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।

छ) विद्युत प्रसारण तथा सम्बद्ध अन्य संरचनाको विकास, निर्माण तथा सञ्चालनका लागि प्रचलित कानूनको अधिनमा रहि स्वदेशी वा विदेशी संस्थाहरुबाट ऋण तथा अनुदान प्राप्त गर्ने ।

ज) कम्पनीले आवश्यकताअनुसार प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त अन्य व्यक्ति वा संस्थाले विकास, निर्माण तथा सञ्चालन गरेको विद्युत प्रसारण प्रणाली तथा सम्बद्ध अन्य संरचनाहरु प्रचलित कानूनको अधिनमा रहि आफ्नो प्रणलीमा गाभ्न सक्नेछ । यसरी गाभिएको प्रसारण प्रणालीको स्वामित्व कम्पनीले लिई सञ्चालन गर्न सक्नेछ ।

झ) कम्पनीले निमाण गर्ने ६६ के.भी. प्रसारण प्रणाली लगायत १३२ के.भी., २२० के.भी., ४०० के.भी. तथा आवश्यकताअनुसार सो भन्दा माथिका क्षमता तथा किसिमका प्रसारण प्रणाली एवम् सवस्टेशनको एकीकृत रुपमा विकास गरी प्राथमिकताका आधारमा तिनको निर्माण, विस्तार, सञ्चालन तथा व्यवस्थापन गर्ने ।

ञ)	कम्पनीले आवश्यकताअनुसार भार सम्प्रेषण केन्द्रहरुको स्थापना गरी प्राविधिक एवम् आर्थिक दृष्टिकोणबाट उपयुक्त प्रणाली सञ्चालन समय तालिका (अप्टिमम् सेड्यूल) तथा प्रेषण तालिका (डिसप्याच सेड्यूल) लाई सम्बद्ध उपयोगकर्तासँग भएको सम्झौताको आधारमा व्यवस्थापन एवम् कार्यान्वयन गर्ने ।

ट)	कम्पनीले आफ्नो प्रसारण ग्रिडको अनुगमन निरन्तर गर्ने र ग्रिड सञ्चालनका लागि ग्रिड संहिता (ग्रिड कोड) लगायत अनय आवश्यक संहिता निर्माण गर्ने ।

ठ)	कम्पनीले आफ्नो कार्यक्षेत्र भित्रको कार्य सम्पादन गर्न आवश्यकताअनुसार प्रचलित कानून बमोजिम कार्य, सेवा तथा वस्तु आदि खरिद गर्न सक्नेछ र यसरी खरिद वा प्राप्त गर्दा अपनाउनुपर्ने प्रक्रिया तथा कार्यविधि कम्पनीको विनियमावलीमा व्यवस्थित गरिए बमोजिक हुनेछ ।

ड)	कम्पनीले कुनै खास कामा सम्पन्न गर्न व्यक्तिगत, संस्थागत वा समूहगत परामर्शदातृ नियुक्त गरी काम लगाउन सक्नेछन ।

ढ)	प्रचलित कानूनको अधिनमा रहि प्रबन्धपत्रमा संशोधन गरी संस्थाको उद्देश्य प्राप्त गर्नका लागि गर्नु पर्ने अन्य आवश्यक कार्यहरु गर्ने ।

६.	**<u>कम्पनीको पूँजीको संरचनाः</u>** कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः-

क)	*कम्पनीको अधिकृत पूँजी रु. २५,००,००,००,०००।- (अक्षरेपी पच्चिस अर्ब रुपैया) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १,००।- (अक्षरेपी एक सय रुपैया) दरका २५,००,००,००० (पच्चिस करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ख)	* कम्पनीको जारी पूँजी रु. १०,००,००,००,०००।- (अक्षरेपी दस अर्ब रुपैया) हुनेछ ।

ग)	कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबूल गरेको पूँजी रु. १,५०,००,००,०००।- (अक्षरेपी एक अर्ब पचास करोड रुपैया) हुनेछ ।

घ)	* संस्थापक शेयरधनीहरुलाइ समूह “क” मा वर्गीकरण गरिएको छ ।

---

* पहिलो संशोधनद्वारा संशोधित

उपसमूह क

| क्र.सं. | संस्थापकको नाम | लिन कबूल गरेको शेयर संख्या (कित्ता) |
|---|---|---|
| १ | नेपाल सरकार, अर्थ मन्त्रालय | ३२,००,००० |
| २ | नेपाल सरकार, ऊर्जा मन्त्रालय | ७०,००,००० |
| ३ | नेपाल सरकार, रक्षा मन्त्रालय | ८,००,००० |
| ४ | नेपाल सरकार, गृह मन्त्रालय | ८,००,००० |
| ५ | नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय | ८,००,००० |
| ६ | नेपाल सरकार, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | ८,००,००० |
| ७ | नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ८,००,००० |
| ८ | नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय | ८,००,००० |

च) सर्वसाधारण बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह “ख” मा वर्गीकरण गरिएको छ ।

हाल सर्वसाधारण शेयरधनीलाई बिक्रि गर्ने शेयर बिभाजन गरिएको छैन, पछि सर्वसाधारण शेयरधनीलाई शेयर बिक्रि गर्ने समयमा सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था गरिने छ ।

छ) जुन समूह, उपसमूहको शेयर खरिद गरेको हो, सो खरिद गर्ने व्यक्ति/संस्था/निकायलाई सोही समूह, उपसमूहमा राखिनेछ ।

ज) प्रचलित कानूनको अधीनमा रही कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछन् ।

७. <u>**कम्पनीको शेयरको किसिमः**</u> हाल साधारण शेयर बाहेक अन्य प्रकारको शेयरको व्यवस्था नगरिएको हुँदा कम्पनीको शेयरका किसिम साधारण शेयर मात्र हुनेछ । अग्राधिकार शेयर जारी गर्नु परेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी प्रचलित कानूनको अधिनमा रहि त्यस्तो शेयर जारी गर्न सकिनेछ ।

८. <u>**शेयर खरिद वा हस्तान्तरण सम्बन्धी व्यवस्थाः**</u>

क) कम्पनीले कारोबार प्रारम्भ गरेको मितिले पाँचवर्षसम्म कम्पनीको शेयर बेचविखन गर्न वा धितोबन्धक राख्न पाइने छैन ।

तर प्रचलित कानूनको अधिनमा रहि विद्यमान शेयर संरचनामा परिवर्तन गरी नयाँ संस्थापक थप गर्न यस व्यवस्था बाधा पार्ने छैन ।

ख) नेपाल सरकारको स्वामित्वमा रहेको शेयर नेपाल सरकार बाहेक अन्य संस्थालाई बेचविखन तथा हक हस्तान्तरण गर्न पाइने छैन ।

ग) शेयर हस्तान्तरण सम्बन्धी अन्य कुराहरु प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

९. **<u>शेयर वापतको रकमको भुक्तनीः</u>** (१) कम्पनीले आफ्नो आवश्यकताअनुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आर्थिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सकिनेछ ।

(२) शेयर वापत कम्पनीले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउने, भुक्तानीको म्याद थप गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **<u>शेयर धनीको अधिकत्तम संख्याः</u>** यो कम्पनी पब्लिक लिमिटेड कम्पनी भएकोले हाललाई शेयर धनीको अधिकत्तम संख्या निर्धारण गरिएको छैन ।

११. **<u>दायित्व सीमित हुनेः</u>** यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिक मूल्यसम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

१२. **<u>अन्य आवश्यक कुराहरुः</u>** (१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्ने छ ।

(२) संस्थापकले शेयरको रकम कम्पनीको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

(३) कम्पनीले कारोबार शुरु गर्दाको बखतमा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छैन ।

(५) कम्पनीले प्रचलित कानूनले बन्देज लगायतका कार्यहरु गपर्न पाउने छैन ।

(६) यस प्रबन्धपत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनीको स्वामित्व संस्चनामा नेपाल सरकारको कम्तिमा एकाउन्न प्रतिशत शेयरभन्दा कम हुने गरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संरचनामा कुनै परिवर्तन गरिने छैन ।

१३. **<u>कम्पनीको प्रकृति अनुरुप अन्य थप व्यवस्थाः</u>** (१) राष्ट्रिय प्रसारण ग्रिड प्रणाली विस्तार कार्य समग्रमा पूर्वाधार लगानी हो । विद्युत प्रसारण ग्रिड त्यससँग जोडिएका अन्य संरचनागत प्रणाली सञ्चालनका विषयवस्तु राज्यको

रणनीतिगत संवेदनशीलतासँग प्रत्यक्ष सम्बन्धित हुने हुँदा यस्तो विद्युत प्रसारण प्रणली सञ्चालन गर्ने निकायको व्यवस्थापन राज्य संयन्त्रबाट पूर्णतः अलग राख्न नहुने तर त्यसको स्वायत्त व्यवस्थापन पनि संस्थापन पनि संस्थागत विकासका लागि अपरिहार्य हुने हुँदा प्रचलित कम्पनी ऐन, २०६३ को परिधिभित्र यो कम्पनीको संस्थापन गरिएको छ ।

(२) यो कम्पनी संस्थापन प्रयोजनका लागि नेपाल सरकारले राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड नामको एक छुट्टै स्वशासित संस्था प्रचलित कम्पनी ऐन, २०६३ बमोजिक स्थापना गर्ने निर्णय गरिसकेको छ । प्रस्तुत कम्पनीको विधिवत संस्थापनका लागि नेपाल विद्युत प्राधिकरणको विद्युत प्रसारण प्रणालीको मौजुदा संरचना क्रमिक रुपमा प्रचलित कानूनको अधिनमा रहि यस कम्पनीमा समावेश गरिने र यस कम्पनीमा प्राधिकरणको लगानी सुनिश्चित गर्न नेपाल सरकारले प्राधिकरणलाई अनुमति समेत दिइसकेको छ ।

(३) यो कम्पनी व्यवसायिक दृष्टिकोणले विद्युतको विशेष सेवा प्रदापयक संस्था हुने हुँदा यसमा काम गर्ने जनशक्तिको योग्यता, तालिम र अनुभवको महत्वपूर्ण भूमिका रहन्छ । यो कम्पनी विद्युत प्रसारणका लागि उच्च भोल्टेजयुक्त प्रसारण राजमार्गको निर्माण तथा सञ्चालनका लागि संस्थापना भएको हुँदा यसलाई उच्च दक्षतापूर्वक सञ्चालन गरिनेछ ।

१४. **<u>प्रबन्धपत्र संशोधन भएको लागू हुने अवस्थाः</u>** यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधरण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ ।

तर नेपाल सरकारको कम्तिमा एकाउन्न प्रतिशत शेयरभन्दा कम हुने गरी यस कम्पनीको संरचना परिवर्तन गर्ने गरी प्रबन्धपत्रमा संशोधन हुने छैन ।

१५. **<u>प्रबन्धपत्र बाझिएको हदसम्म अमानय हुनेः</u>** प्रबन्धपत्रमा लेखिएका कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

१६. **<u>संस्थापकहरुले तत्काल लिन कबूल गरेको शेयर संख्या र उद्घोषणः</u>** हामी राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडका संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेको छौ । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौ । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो झुट्टाठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौ भनी सहिछाप गरेको छौः

| संस्थापक नाम,ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नगरिकताको प्रमाणपत्र नं.र नागरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी नं. | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम,थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं.र जिल्ला |
|---|---|---|---|---|---|
| द.<br>नामः नेपाल सरकार, अर्थ मन्त्रालय तर्फबाट श्री खडानन्द गौतम, उपसचिव<br>ठेगानाः<br>काठमाण्डौ जिल्ला काठमाण्डौं महानगरपालिका सिंहदरबार, वडा नं. ३२ ब्लक नः<br>फोन नंः<br>फ्याक्सः<br>इ—मेलः<br>पो.व.नंः<br>दा. वा. | | | ३२०००० | द<br>नामः गोपाल कडरिया<br>ठेगानाः ऊर्जा मन्त्रालय<br>जिल्लाः काठमाडौं<br>............नगरपालिका<br>का÷गा.स.,वडा नं. ३२ ब्लक नं.<br>दा. वा.. | |
| द.<br>नामः नेपाल सरकार, उर्जा मन्त्रालय तर्फबाट श्री रुद्र प्रसाद सिटौला, सहसचिव<br>ठेगानाः<br>काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका सिंहदरबार, वडा नं. ३२ ब्लक नं. | | | ७,००,००० | द.<br>नामः प्रल्हाद प्र. सापकोटा<br>ठेगानाः ऊर्जा मन्त्रालय<br>जिल्लाः काठमाडौं<br>.......नगरपालिका<br>का.गा.वि.स., वडा नं. ३२ ब्लक नं. | |

| | | | | | |
|---|---|---|---|---|---|
| फोन नं.<br>फ्याक्सः<br>ई—मेलः<br>पो.व.नं.<br><br>दा. वा. | | | | दा . वा. | |
| द.<br>नामः नेपाल सरकार, रक्षा मन्त्रालयको तर्फबाट श्री तोयानाथ अधिकारी, सहसचिव<br>ठगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका सिंहदरबार,वडा नं. ३२ ब्लक नं.<br>फोन नं.<br>फ्याक्सः<br>ई—मेलः<br>पो.व.नं.<br><br>दा. वा. | | | ८०,००० | द.<br>नामः केशव प्र. पौड्याल<br>ठेगानाः ऊर्जा मन्त्रालय<br>जिल्लाः काठमाडौं<br>.......नगरपालिका<br>का.गा.वि.स., वडा नं. ३२ ब्लक नं.<br><br>दा . वा. | |
| द.<br>नामः नेपाल सरकार, गृह मन्त्रालयका तर्फबाट श्री धनीराज ज्ञवाली, सहसचिव<br>ठगानाः<br>काठमाण्डौ जिल्ला | | | ८०,००० | द.<br>नामः लेखनाथ पोखरेल<br>ठेगानाः काठमाडौं<br>जिल्लाः काठमाडौं<br>.......नगरपालिका<br>का.गा.वि.स., वडा नं. ३२ ब्लक नं. | |

| | | | | | |
|---|---|---|---|---|---|
| काठमाण्डौ महानगरपालिका सिंहदरबार,वडा नं. ३२ ब्लक नं.<br>फोन नं.<br>फ्याक्सः<br>ई—मेलः<br>पो.व.नं.<br><br>दा. वा. | | | | दा . वा. | |
| द.<br>नामः नेपाल सरकार वन मन्त्रालयका तर्फबाट श्री रेशम बहादुर डाँगी, सहसचिव<br>ठगानाः<br>काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका सिंहदरबार,वडा नं. ३२ ब्लक नं.<br>फोन नं.<br>फ्याक्सः<br>ई—मेलः<br>पो.व.नं.<br><br>दा. वा. | | | ८०,००० | द.<br>नामः उध्दव प्र. ढुङ्गाना<br>ठेगानाः ऊर्जा मन्त्रालय<br>जिल्लाः काठमाडौ.<br>.......नगरपालिका का.गा.वि.स., वडा नं. ३२ ब्लक नं.<br><br>दा . वा. | |
| द.<br>नामःनेपाल सरकार, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयको | | | ८०,००० | द.<br>नामः रमेश अधिकारी<br>ठेगानाः ऊर्जा मन्त्रालय<br>जिल्लाः काठमाडौं<br>.......नगरपालिका | |

| | | | | | |
|---|---|---|---|---|---|
| तर्फबाट<br>श्री लक्ष्मी शर्मा,<br>कानून अधिकृत<br>ठगानाः<br>काठमाण्डौ जिल्ला<br>काठमाण्डौ<br>महानगरपालिका<br>सिंहदरबार,वडा नं.<br>३२ ब्लक नं.<br>फोन नं.<br>फ्याक्सः<br>ई—मेलः<br>पो.व.नं.<br><br><br>दा .    वा | | | | का.गा.वि.स., वडा नं.<br>३२ ब्लक नं.<br><br><br><br><br><br><br><br><br><br>दा .    वा. | |
| द.<br>नामः नेपाल<br>सरकार, भूमिसुधार<br>तथा व्यवस्था<br>मन्त्रालयका<br>तर्फबाट श्री<br>नवराज सापकोटा,<br>उपसचिव<br>ठगानाः<br>काठमाण्डौ जिल्ला<br>काठमाण्डौ<br>महानगरपालिका<br>सिंहदरबार,वडा नं.<br>३२ ब्लक नं.<br>फोन नं.<br>फ्याक्सः<br>ई—मेलः<br>पो.व.नं.<br><br><br>दा .    वा | | | ८०,००० | द.<br>नामः यादव राउत<br>ठेगानाः ऊर्जा<br>मन्त्रालय<br>जिल्लाः काठमाडौं<br>.......नगरपालिका<br>का.गा.वि.स., वडा नं.<br>३२ ब्लक नं.<br><br><br><br><br><br><br><br><br><br>दा.    वा | |

| | | | | | |
|---|---|---|---|---|---|
| द.<br>नामः नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालयका तर्फबाट श्री विनोद खड्का, शाखा अधिकृत<br>ठगानाः<br>काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका सिंहदरबार,वडा नं. ३२ ब्लक नं.<br>फोन नं.<br>फ्याक्सः<br>ई—मेलः<br>पो.व.नं.<br><br>दा . वा. | | | ८०,००० | द.<br>नामः श्याम किशोर यादव<br>ठेगानाः ऊर्जा मन्त्रालय<br>जिल्लाः काठमाडौं<br>.....नगरपालिका गा.वि. स, वडा नं. ३२ ब्लक नं.<br><br>दा . वा. | |

इति संवत् २०७२ साल .... महिना ...गते रोज................................ शुभम् ।